बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची-१

## बुदा नं. १२.२ संग सम्बन्धित

बैठक संख्या: १२८

मिति: २०८२/०५/३१

अध्यक्षता: श्री ऋषिकेशव बुढामगर

**कार्यपालिकाका पदाधिकारीहरू:**

| | | |
|---|---|---|
| १. | श्री ऋषिकेशव बुढामगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढामगर | उपाध्यक्ष |
| ३. | श्री गणेश वि.क. | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं. वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं. वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं. वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्तीमगर | ४ नं. वडा अध्यक्ष |
| ८. | श्री बुद्धि बहादुर घर्ती | ५ नं. का.वा. वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थिति:**

| | | |
|---|---|---|
| १. तुल बहादुर पुन | | जनस्वास्थ्य निरिक्षक |
| २. भिमसेन बुढामगर | | सूचना प्रविधि अधिकृत |
| ३. सिर कुमार रोका | | रोजगार सहायक |
| ४. विन्दु ढकाल | | प्राविधिक सहायक |
| ५. सरोज रोका मगर | | कार्यालय सहयोगी |

**प्रस्तावहरू:**

१. कार्यविधि सम्बन्धमा ।

२. खानेपानी सरसफाई तथा स्वच्छता योजना स्वीकृति सम्बन्धमा ।

३. प्रारम्भिक बालविकास सहजकर्ता पदको पाठ्यक्रम सम्बन्धमा ।

४. O & M सम्बन्धमा ।

५. उपाध्यक्ष कोसेली कार्यक्रम सम्बन्धमा ।

६. ज्ञापन पत्र सम्बन्धमा ।

७. विविध ।

**निर्णयहरू:**

प्रस्ताव नं १ माथि छलफल गर्दा थबाङ गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा खानेपानी सरसफाई तथा स्वच्छता योजना (इ.स. २०२५-२०३५) स्वीकृति गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा प्रारम्भिक बाल विकास सहजकर्ता(शिक्षक) पदको खुला प्रतियोगिता परिक्षाका लागि तयार गरिएको पाठ्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं ४ माथि छलफल गर्दा यसै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गणेश वि.क. को संयोजकत्वमा समिति गठन गरी यस थबाङ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने निर्णय गरियो।

प्रस्ताव नं ५ माथि छलफल गर्दा थबाङ गाउँपालिकाका ५ वटै वडामा रहेका ६ वटा वर्थिङ सेन्टरबाट उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालन र वितरण गर्दा स्थानीय पसलबाट दररेट माग गरी सोही दररेट अनुसार प्रत्येक महिना सुत्केरी भएका आमाहरुको संख्याको आधारमा खरिद प्रक्रिया गरी सोही बमोजिम विल भरपाई अनुसारको भुक्तानी गर्ने निर्णय गरियो।

प्रस्ताव नं ६ माथि छलफल गर्दा थबाङ गाउँपालिकाको ५ वटै वडाहरुमा केन्द्रिय विद्युत प्रसारण लाइन , थबाङ आधारभूत अस्पाताल सञ्चालनको लागि अत्यावश्यक १०० के.भिए. को ट्रान्सफरमर र नेपाल टेलिकमको नेटवर्कको समस्याका कारण दैनिक जनजिवनमा प्रभावित भइरहेको हुँदा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौँलाई यथासिघ्र जडान र प्रसारणको लागि अनुरोध गरी पठाउने निर्णय गरियो।

थबाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल